# शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུག་སུམ་མདོ་གྲོང་ཁྱེར་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः–२०८२/०२/२८)

नेपाल सरकार, फिनल्याण्ड सरकार तथा यस शे-फोक्सुण्डो गाउँपालिकाको संयुक्त सहकार्यमा यस शे-फोक्सुण्डो गाउँपालिकामा संचालन हुने सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) परियोजनाका लागि तपसिल बमोजिमका पदमा सेवा करारमा पदपुर्ती गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुका लागि कार्य गर्न चाहेको पदमा व्यक्तिगत विवरण र निवेदन सहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.स. | विज्ञापन नम्बर | पद | संख्या |
|---|---|---|---|
| १ | SUSWA-१-०८१-०८२ | खानेपानी सरसफाई तथा स्वच्छता संयोजक (WASH Coordinator) | १ |
| २ | SUSWA-२-०८१-०८२ | खानेपानी सरसफाई उपभोक्ता समिति सहजकर्ता (SSC Facilitator) | १ |
| ३ | SUSWA-३-०८१-०८२ | खानेपानी सरसफाई तथा स्वच्छता (वास) सहजकर्ता (WASH Facilitator) | १ |
| ४ | SUSWA-४-०८१-०८२ | खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राविधिक (WASH Technician) | १ |
| ५ | SUSWA-५-०८१-०८२ | सामाजिक परिचालक (Social Mobilizer) | २ |

### १.आवश्यक न्युनतम् योग्यता तथा अनुभव

**१.१ खानेपानी सरसफाई तथा स्वच्छता संयोजक (विज्ञापन नं. SUSWA-१-०८१-०८२, आवश्यक संख्याः- १(एक))**

- कम्तीमा स्नातक तह (ग्रामीण विकास, सिभिल इन्जिनियरिङ, समाजशास्त्र, व्यवस्थापन, वा अन्य विषयमा) उत्तिर्ण गरि कम्तीमा ५ बर्षको ग्रामीण विकास, योजना तर्जुमा र व्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने सो ५ बर्ष मध्ये खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा अनिवार्य रुपमा कम्तीमा ३ बर्ष काम गरेको हुनु पर्ने ।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको ।
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको ।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई बिशेष प्राथमिकता दिईने।

**१.२ खानेपानी सरसफाई उपभोक्ता समिति सहजकर्ता (विज्ञापन नं. SUSWA-२-०८१-०८२, आवश्यक संख्याः- १(एक))**

- सिभिल इन्जिनियरिङ विषयमा डिप्लोमा तह उतिर्ण भई न्यूनतम ३ वर्षको ग्रामीण खानेपानी तथा सरसफाई क्षेत्रमा कार्य अनुभव भएको ।
- समुदायमा आधारित ग्रामीण खानेपानी आपूर्ति र सरसफाइ गतिविधिहरू (विस्तृत प्राविधिक सर्वेक्षण, डिजाइन, लागत अनुमान सुपरिवेक्षण/अनुगमन र मूल्याङ्कन योजनाको मर्मत संभार र सुचारुपना आदि) मा अनुभव भएको ।



CamScanner

- दातृ निकायहरूको सहयोगमा संचालित ग्रामीण खानेपानी आपूर्ति र सरसफाइ कार्यक्रम/परियोजनाहरू र स्थानीय सरकार अन्तर्गत कार्य अनुभव भएकालाइ प्राथमिकता दिइने ।
- AutoCAD लगायतका सफ्टवेयरमा राम्रो ज्ञान भएको ।
- नेपालको वास क्षेत्र नीति र ग्रामीण खानेपानी व्यवस्थापन सम्बन्धी ज्ञान।
- आधारभूत तथ्याकं विश्लेषण र रिपोर्ट लेखन मा सक्षम।

**१.३ खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता (विज्ञापन नं. SUSWA-३-०८१-०८२, आवश्यक संख्या:- १(एक))**

- कम्तीमा जनस्वास्थ्य वा अन्य विषयमा प्रमाण पत्र तह वा १२ कक्षा उत्तिर्ण गरि ५ बर्ष खानेपानी सरसफाई तथा स्वच्छता, मर्यादित महिनावारि, सामुदायाक स्वास्थ्यका क्षेत्रमा कार्य गरेको हुनु पर्ने ।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई बिशेष प्राथमिकता दिईने।
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको।
- योग्यता पुगेका स्थानीय नागरिकलाई बिशेष प्राथमिकता दिईने छ।

**१.४ खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राबिधिक (विज्ञापन नं. SUSWA-४-०८१-०८२ आवश्यक संख्या:- १ (एक)**

- CTEVT बाट सिभिल ईन्जिनियरिङ बिषयमा कम्तीमा TSLC उतिर्ण गरेको वा खानेपानी तथा सरसफाई क्षेत्रमा मान्यता प्राप्त संस्था बाट ३० दिने Plumbing तालिम प्राप्त गरेको ।
- कम्तीमा २ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा कार्य अनुभव भएको र कम्तिमा ५ वटा पाइप प्रणालिका (Gravity Flow) खानेपानी योजना निर्माण गरेको ।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको ।

**१.५ सामाजिक परिचालक (Social Mobilizer) (विज्ञापन नं. SUSWA-५-०८१-०८२, आवश्यक संख्या:- २ (दुइ)**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था तथा विश्व विद्यालयबाट कम्तिमा प्रमाणपत्र तह वा १२ कक्षा उतिर्ण गरेको,
- ग्रामिण परिवेशमा कम्तिमा दुइ बर्ष सामाजिक परिचालन वा सामुदायिक विकासको क्षेत्रमा काम गरेको र सो मध्ये कम्तिमा एक बर्ष खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा अनिवार्य रुपमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा सामाजिक परिचालन सम्बन्धि तालिम लिएको ।
- स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेको ।

**२.दरखास्त दिने स्थान:** शे-फोक्सुण्डो गाउँ कार्यपालिकाको कार्यालय, साल्दाङ, डोल्पा।

**३.दरखास्त दिने अन्तिम मिति:** २०८२/०३/११ (दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदाको दिन परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिने छ।)



CamScanner

शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

४.आवेदन दस्तुरः खानेपानी सरसफाई तथा स्वच्छता सर्पुपरिवेक्षकका लागि रु.१००० (अक्षरुपी एक हजार मात्र), खा.उ.स सहजकर्ता, वास सहजकर्ताले रु.७०० (अक्षरुपी सात सय मात्र), खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राविधिक (WASH Technician) र सामाजिक परिचालकले रु.५०० (अक्षरुपी पाँच सय मात्र) गाउँपालिकाको आन्तरीक राजश्व खाता **GA-1-1 ANTARIK RAJASHWO KHATA-1650133537700071 (Prabhu Bank Ltd)** मा जम्मा गरेको भौचर संलग्न राख्नुपर्ने छ ।

**५. छनौटको किसिमः** प्रारम्भिक योग्यताका क्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक र मौखिक परिक्षा ।

**६.आवेदनका साथ संलग्न राखु पर्ने कागजातहरुः** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरुको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| १.नागरिकता प्रमाणपत्र | २.चारीत्रीक प्रमाणपत्र | ३.काम सँग सम्वन्धित अनुभवका कागजातहरु |
| ४.न्युनतम् योग्यताको लव्धाङ्क प्रमाण पत्र | ५. व्यक्तिगत विवरण (वायो डाटा) | ६.कामसँग सम्वन्धित तालिमका प्रमाणपत्रहरु |

७.अन्यः

- दरखास्त पेश गर्दा Hard Copy को हकमा गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको आधिकारीक इमेल ठेगाना *ito.shephoksundomun1@gmail.com* मा समेत दरखास्त पेश गर्न सकिनेछ ।
- एकपटक दरखास्त पेश गरिसकेपछि पुनः कागजातहरू थप घट गर्न पाइने छैन।
- काम सँग सँम्वन्धित कार्य विवरण तथा पाठ्यक्रम गाउँपालिकाको Website: *https://shephoksundomun.gov.np* मा हेर्न सकिनेछ ।

सुमन ढकाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner